# प्रेस विज्ञप्ति

## विश्व वातावरण दिवसको अवसरमा देशभरका ८० हजार बालबालिकाद्वारा वृक्षारोपणव वर्ल्ड भिजन इन्टरनेसनल नेपालद्वारा 'एक बालबालिका, एक बिरुवा' अभियानको शुभारम्भ

रौतहट, २२ जेठ २०८३ (५ जुन, २०२६): नेपाल सरकारले यस वर्षको विश्व वातावरण दिवस २०२६ का लागि "समृद्ध भविष्यको आधारः जलवायु एवम् प्रकृतिमैत्री विकास" भन्ने मूल नारा तय गरेको छ। सरकारको यसै आह्वानलाई साथ दिँदै वर्ल्ड भिजन इन्टरनेसनल नेपाल (WVI Nepal) ले जुन ५ (जेठ २२) मा विश्व वातावरण दिवसको अवसर पारेर देशभर "एक बालबालिका, एक बिरुवा" (One Child, One Tree) नामक राष्ट्रिय अभियान सञ्चालन गर्ने भएको छ।

यस अभियानमार्फत देशभरका करिब ८०,००० बालबालिकालाई परिचालन गरिनेछ। रौतहट जिल्लाको लागि साझेदार संस्था ग्रामिण विकास केन्द्र नेपाल (RDC Nepal) को सहयोगमा गरुडा र माधवनारायण नगरपालिका कार्यक्षेत्रका करिब ७२०० बालबालिकाहरु यस अभियानमा सामेल हुनेछन्। जलवायु परिवर्तन र विश्वव्यापी तापक्रम वृद्धिको चुनौतीका विरुद्ध आफ्नो भविष्य सुरक्षित गर्न बालबालिकाले व्यक्तिगत र सामूहिक पहलस्वरूप आ-आफ्नो घर र समुदायमा वृक्षारोपण गर्नेछन्। बालबालिका परिवर्तनका संवाहक हुन् र उनीहरूले आफ्नै भविष्यको खाका आफैँ कोर्न सक्छन् भन्ने विश्वासका साथ वर्ल्ड भिजनले उनीहरूलाई जलवायु समाधानका सक्रिय सहभागी बनाउन यो पहल सुरु गरेको हो।

यस अभियान अन्तर्गत बालबालिकाले आफ्ना परिवार, शिक्षक, स्थानीय सरकार र सामुदायिक वन उपभोक्ता समूहहरूसँगको समन्वयमा नेपालका हिमाल, पहाड र तराईका क्षेत्रहरूमा वृक्षारोपण गर्नेछन्। स्थानीय पारिस्थितिकीय प्रणाली (Ecological context) सुहाउँदो बिरुवाहरू छनोट गर्न स्थानीय सरकार र जिल्ला वन कार्यालयहरूसँग समन्वय गरिएको छ। विशेषगरी बालबालिकामा रहेको कुपोषणको समस्यालाई सम्बोधन गर्न फलफूलका बिरुवा रोप्ने कार्यलाई प्राथमिकता दिइएको छ। यो अभियान वर्ल्ड भिजनको हरियाली प्रवर्द्धन र जोखिममा रहेका बालबालिकाको पोषण अवस्था सुधार्ने उद्देश्यसँग प्रत्यक्ष जोडिएको छ।

वर्ल्ड भिजन इन्टरनेसनल नेपालका प्राविधिक कार्यक्रम (उत्थानशीलता तथा जीविकोपार्जन) सह-निर्देशक प्रकाश तिवारीले भन्नुभयो– "यो अभियान बालबालिकालाई बाल्यकालदेखि नै प्रकृतिप्रति माया र दायित्वबोध गराउँदै उनीहरूलाई वातावरणीय संरक्षक बनाउने लक्ष्यमा केन्द्रित छ। एउटा बिरुवा रोपेर प्रत्येक बालबालिकाले हरित र जलवायु-उत्थानशील नेपाल निर्माणमा महत्वपूर्ण योगदान पुऱ्याइरहेका छन्।"

वृक्षारोपणसँगै वातावरणीय सचेतना र अपनत्व वृद्धि गर्न प्रत्येक बिरुवाका लागि 'मेरो बिरुवा कार्ड' (My Tree Card) उपलब्ध गराइनेछ । यस कार्डमा बिरुवाका फाइदाहरू उल्लेख हुनुका साथै यसले बालबालिकामा बिरुवाको हेरचाह गर्ने जिम्मेवारी बोध गराउनेछ । बिरुवाहरूको संरक्षण र बाँच्ने दर सुनिश्चित गर्न वर्ल्ड भिजनका फिल्ड टोली र शिक्षकहरूले तीन र ६ महिनामा बिरुवाको नियमित अनुगमन समेत गर्नेछन् ।

यस अभियानका मुख्य लक्ष्यहरू :

- ✓ नेपालका तीनवटै भौगोलिक क्षेत्रमा कम्तीमा ८०,००० बिरुवा रोप्ने ।
- ✓ १०० भन्दा बढी विद्यालय र सामुदायिक समूहहरूलाई अभियानमा सहभागी गराउने ।
- ✓ बालबालिकाको नेतृत्वमा वातावरणीय संरक्षण र दीर्घकालीन अपनत्व प्रवर्द्धन गर्ने ।
- ✓ वातावरणीय कार्यका लागि बालबालिका, समुदाय र सरकारबीचको साझेदारीलाई सुदृढ बनाउने ।

जलवायु परिवर्तनको बढ्दो जोखिमका बीच बालबालिकामा आशा जगाउन र उनीहरूको भविष्य सुरक्षित गर्न वर्ल्ड भिजन प्रतिबद्ध छ । समुदाय र बालबालिकालाई केन्द्रमा राखेर हामी वातावरणीय चुनौतीहरूको सामना गर्न, प्राकृतिक स्रोतको पुनरुत्थान गर्न र नेपालका प्रत्येक बालबालिकाका लागि समृद्ध भविष्य सुनिश्चित गर्न निरन्तर क्रियाशील रहनेछौँ ।

**थप जानकारीका लागि सम्पर्क:**

उमा थापा

सञ्चार प्रबन्धक (Communications Manager)

वर्ल्ड भिजन इन्टरनेसनल नेपाल

इमेलः uma_thapa@wvi.org

फोनः +९७७-९८५१२०३३२४

वेबसाइटः www.wvi.org/nepal